# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परिक्षा

२०७५-१०-२८

समय :- ३ घण्टा

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :-सेवा सम्बन्धी

*तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।*

१. सर्वोच्च अदालत अन्तिम तहको अदालत छँदाछँदै छुट्टै संवैधानिक इजलासको गठन गर्नुपर्नाको कारण उल्लेख गर्दै यस्तो इजलासलाई के कस्ता मुद्दा हेर्ने अधिकार प्रदान गरिएको छ? प्रष्ट पार्नुहोस् । १५

२. प्रमाण ऐन, २०३१ बमोजिम मृत्यूकालीन घोषणा भन्नाले के बुझिन्छ? यसलाई प्रमाणको रूपमा ग्रहण गर्नुको पछाडि के कस्तो मान्यता रहेको छ? के कस्तो प्रकृया पूरा गरेपछि यसलाई प्रमाणको रूपमा ग्रहण गर्न योग्य मानिन्छ? उल्लेख गर्नुहोस् । १५

३. भ्रष्टाचार सम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजन गर्न छुट्टै संवैधानिक निकाय रहेता पनि किन भ्रष्टाचारको प्रभावकारी रूपमा नियन्त्रण हुन सकेको छैन? यसलाई प्रभावकारी वनाउन के कस्तो सुधारको आवश्यक ठान्नु हुन्छ? सुझाव प्रस्तुत गर्नुहोस् । १५

४. जिम्मेवार व्यक्ति र लेखा उत्तरदायी अधिकृतमा के फरक छ? के के कुरामा जिम्मेवार व्यक्ति जवाफदेही हुनुपर्छ? विभागीय कारवाही गरी सजाय गर्ने अधिकारको अभावमा लेखा उत्तरदायी अधिकृतले वेरूजु फछ्र्यौट गराउन नसकेकोले वेरूजुको अंक वर्षेनि बढ्दै गएको हो भन्ने भनाईप्रति आफ्ना दृष्टिकोण प्रस्तुत गर्नुहोस् । १५

५. अदालती न्याय ढिलो र बढी खर्चिलो भएको भन्ने आधारमा केही विवादहरू अदालती प्रणालीभन्दा वाहिरै मध्यस्थताद्वारा समाधान गर्ने उद्देश्यले मध्यस्थता ऐन, २०५५ जारी भएको पाइन्छ । आफ्नो उद्देश्यमा यो ऐन कुन हदसम्म सफल भएको ठान्नु हुन्छ? तर्कपूर्ण विश्लेषण गर्नुहोस् । १५

६. वि.सं. २०७२ साल आश्विन ३ गते संविधान सभावाट जारी भएको नेपालको संविधानले लोकतन्त्र, मानव अधिकार र कानूनको शासन सुनिश्चित् गरेकोले यसलाई नेपालको सन्दर्भमा "मानव अधिकारको वडापत्र" भनेको पनि सुनिन्छ । यही संविधानले प्रत्याभूत गरेको विभिन्न ३१ वटा मौलिक हकहरू पनि छन् ती मौलिक हकहरूलाई कार्यान्वयन गर्नका लागि निर्माण गर्नुपर्ने कानूनहरू पनि संविधानले निर्धारण गरेको समय सीमाभित्रै निर्माण भै सकेको छन् ।
उपरोक्त पृष्ठभूमिमा नेपालको आर्थिक, सामाजिक, भौगोलिक, साँस्कृतिक अवस्थाको मनन् गर्दै संविधानले प्रत्याभूत गरेका मानव अधिकार र हालै निर्माण भएका मौलिक हकहरू कार्यान्वयन गर्ने विभिन्न कानूनहरूको कार्यान्वयनमा के कस्ता चुनौती र समस्या देख्नुहुन्छ? त्यस्ता समस्या र चुनौतीहरूको के कसरी सामना गर्न सकिन्छ? त्यसमा न्यायपालिकाको के कस्तो भूमिका हुन सक्दछ? त्यसको कार्यान्वयनका लागि सुझावमूलक कार्यतालिका सहितको समाधान प्रस्तुत गर्नुहोस् । २५

☺☺समाप्त☺☺